# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २५ जून २०२५
### समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- प्रवर्तन निदेशालय (ईडी) ले पश्चिम बङ्गालमा शिक्षक भर्ती घोटालाको जाचको क्रममा २७.१९ करोढ़ रुपियाँ बराबरको चल अचल सम्पत्ति जफत गरेको छ।

- आज संविधान हत्या दिवस मनाइँदैछ। प्रधानमन्त्री नरेन्द्र मोदीले आज संबिधान हत्या दिवसको अवसरमा आपतकाल विरुद्धको लडाईंमा दृढतापूर्वक खडा हुनेहरु प्रति नमन गर्नुभएको छ।

- पश्चिम बङ्गाल सरकारले राज्यको परिवहन प्रणालीलाई आधुनिकीकरण गर्न र यसलाई यात्री मैत्री बनाउन महत्त्वपूर्ण पहल शुरु गरेको छ।

- सफलतापुर्वक सगरमाथा आरोहण गरेकि दार्जिलिङकि छोरी प्रतिमा राईलाई एक कार्यक्रमको साथमा सम्बर्द्धना जनाइएको छ ।

- दार्जीलिंग पुलिस अनि मिरिक पुलिस को संयुक्त आयोजनामा आज मिरिकमा लागु पदार्थ बिरोधि रैली सम्पन्न ।

**पश्चिम बंगाल -शिक्षक भर्ती घोटालला -कार्रवाई**

प्रवर्तन निदेशालय (ईडी) ले पश्चिम बङ्गालमा शिक्षक भर्ती घोटालाको जाचको क्रममा २७.१९ करोढ़ बराबरको चल अचल सम्पत्ति जफत गरेको छ।यो कारबाही पश्चिम बङ्गाल केन्द्रीय स्कुल सेवा आयोग (एसएससी) को समूह 'सी' र 'डी' नियुक्तिमा भएको कथित घोटालासँग सम्बन्धित छ।
ईडीले हिजराती जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जफत गरिएका सम्पत्तिहरू तीन वटा चिया बगानका नाममा छन् जसमा बंगला, कारखाना, प्लान्ट, मेशिनरी र वाहन हरू रहेका छन्। यो बगान सान्सिङ अर्गानिक टी प्राइभेट लिमिटेड, याङतोङ अर्गानिक टी प्रालि र बामान्डाङ्गा टी स्टेट प्रालिप्रशन्नकुमार रोयको स्वामित्वमा छन् ।ईडी अनुसार यी सम्पत्तिहरू समूह 'सी' र 'डी' को नोकरी मा गलत तरिकाले नियुक्त भएका उम्मेदवारहरूबाट संकलन गरिएको अवैध धनबाट खरिद गरिएको थियो। यस अघि ईडीले समूह 'सी' र 'डी' भर्ती घोटालामा २१९.९१ करोड रुपियाँ बराबरको सम्पत्ति जफत गरिसकेको छ। यस मामिलामा ईडीले अहिलेसम्म ६३६.८८ करोड रुपियाँ बराबरको सम्पत्ति जफत गरिसकेको छ ।यो घोटालाको केन्द्रमा प्रसन्नकुमार रोयलाई मुख्य मध्यस्थता कर्ताको रूपमा वर्णन गरिएको छ जसले नोकरीको आकांक्षीहरूबाट पैसा र जानकारी संकलन गर्दथे। उनी र उनका निकट सहयोगी चन्दन मण्डल अहिले न्यायिक हिरासतमा छन्। यसअघि ईडीले कक्षा ९ देखि १२ सम्मका लागि एसएससी सहायक शिक्षक भर्ती घोटालामा २३८.७८ करोड रुपियाँ र प्राथमिक शिक्षक भर्ती घोटालामा १५१ करोड रुपियाँ बराबरको सम्पत्ति जफत गरेको थियो।

**संविधान हत्या दिवस**

आज संविधान हत्या दिवस मनाइँदैछ। २५ जून १९७५ को दिन संविधान लाई कुल्चिएको घटनाको सम्झनामा यो दिवस मनाइन्छ। यस दिन आपतकालका कारण ज्यादतीको सामना गर्ने सबैप्रति श्रद्धाञ्जली अर्पण गरिन्छ। यस अवसरमा राजधानी दिल्लीमा विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको हाम्रो संवाददाताले जनाएको छ।

**केन्द्रीय गृहमन्त्री-किताब बिमोचन**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा आपतकाल डायरी– जिसने एक नेता को जन्म दिया नामक पुस्तकको विमोचन गर्नुभएको छ ।यस पुस्तकमा तत्कालीन आरएसएस प्रचारक प्रधानमन्त्री नरेन्द्र मोदीले आपतकाल विरुद्धको लडाइँमा निर्वाह गर्नुभएको भूमिकाबारे चर्चा गरिएको छ। पुस्तकमा श्री मोदीले लोकतन्त्रको आदर्शका लागि लडेको जीवन्त चित्र प्रस्तुत गरिएको छ। संकटकालको ५० औँ वार्षिकोत्सवको अवसरमा आयोजित 'संविधान हत्या दिवस २०२५' मा श्री शाहले उक्त पुस्तकको विमोचन गर्नुभएको हो । कार्यक्रम अवधि केंद्रीय गृहमंत्रीले लोकतंत्र जिंदाबाद यात्रालाई हरियो झंडी दिखाउनु भयो I यस अवसरमा केंद्रीय गृहमंत्री श्री शाहले संवैधानिक मूल्य मान्यता, लोकतान्त्रिक अधिकार र आपतकालबाट सिकेका पाठको बारेमा जनचेतना फैलाउने उद्देश्यले यो यात्रा देशभरि हुने बताउनु भयो ।

**पश्चिम बंगाल सरकार राज्य परिवहन व्यवस्था**

पश्चिम बङ्गाल सरकारले राज्यको परिवहन प्रणालीलाई आधुनिकीकरण गर्न र यसलाई यात्री मैत्री बनाउन महत्त्वपूर्ण पहल शुरु गरेको छ। राज्यका परिवहन मन्त्री स्नेहाशीष चक्रवर्तीले जुलाईको पहिलो हप्तामा निजी बस मालिकहरूको संघहरूसँग बैठक गर्नेछन्। यस योजनामा, सरकारले सम्पूर्ण परिवहन क्षेत्रमा "यात्री साथी" एप लागू गर्ने योजना बनाएको छ, जसले यात्रुहरूलाई बसहरूको आगमनको बारेमा वास्तविक समयमा जानकारी प्रदान गर्नेछ। मन्त्री चक्रवर्तीले पाइलट प्रोजेक्टका रुपमा केही सरकारी बसमा 'ह्वेर इज माई बस' फिचर लागू भइसकेको जानकारी दिनुभएको छ । यस वर्षको अन्त्यसम्ममा सबै सरकारी बसहरूलाई यो एप अन्तर्गत ल्याइनेछ। यद्यपि, निजी बसहरूमा यसलाई लागू गर्न केही आर्थिक चुनौतीहरू छन्। चक्रवर्ती अनुसार निजी बस सञ्चालकहरू ड्राइभरका लागि स्मार्टफोन किन्दा लाग्ने खर्चलाई लिएर चिन्तित छन् । सरकारले शहर र वरपरका सबै बस स्टपहरूमा डिजिटल डिस्प्ले बोर्डहरू स्थापना गर्ने योजना बनाएको छ, ताकि यात्रीहरूले सही जानकारी प्राप्त गर्न सकून् र पर्खने समय कम गर्न सकून्।

**भाजपा नेता दिलिप घोष**

भाजपा नेता दिलीप घोषले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीमाथि कठोर प्रतिक्रिया व्यक्त गर्नुहुदै उहाँलाई "संविधान हत्या दिवस" को सहभागी बताउनुभयो। श्री घोसले मुख्यमन्त्री ममता बनर्जीको राजनीतिक इतिहास तानाशाही र लोकतान्त्रिक विरोधी गतिविधिले भरिएको आरोप लगाउनु भएको छ।

**दार्जीलिंग -प्रतिमा राई सम्मानित**

सफलतापुर्वक सगरमाथा आरोहण गरेकि दार्जिलिङकि छोरी प्रतिमा राईलाई एक कार्यक्रमको साथमा सम्बर्द्धना जनाइएको छ । पाँच बङ्गाल NCC बटालियन ब्रीग्रेडियर मुकेस गुरुङ सेना मेडल, ग्रुप क्याडर NCC ग्रुप दार्जीलिङ अनि सिक्किमको पहलमा प्रतिमा राईलाई गोर्खा रंगमञ्च भवन दार्जीलिङमा सम्बर्द्धना जनाइएको छ ।। कार्यक्रममा दार्जिलिङका जिल्लापाल डाक्टर प्रीती गोयल, जीटीए सभा अध्यक्ष अञ्जुल चौहान, दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी ,महकुमा शासक दार्जीलिङ, सेना तथा ,एन सी सीका अधिकारी एव क्याडेटका सदस्यहरु सगरमाथा आरोहण गरेकी क्याडेट प्रतिमा राईका परिवार लगायत बिशिस्ट व्याक्तित्व हरुको उपस्थिति रहेको थियो। यस अवसरमा प्रतिमा राईले आफुले देखेको सपनालाई पुरा गर्न एकाग्रता हुनुपर्ने बताइन्। NCC क्याडेट राईले गत केहि दिनअघि मात्रै बिस्वको सर्बोच्च चुचुरो सागरमाथा सफतापुर्वक आरोहण गरेकी थिईन।

**मिरिक -लागु पदार्थ -रैली**

मिरिकले आज दार्जीलिंग पुलिस अनि मिर्क पुलिस को संयुक्त आयोजनामा लागु पदार्थ बिरोधि रैली को आयोजना गरियो यस विरोधमा लागु पदार्थले मानव शरीर, समाज र राष्ट्रलाई पु¥याएको क्षतिबारे स्थानीय नागरिकलाई जागरुक गराइयो। सामाजिक उत्तरदायित्वको भावनाका साथ रैलीमा नागरिक समाज,विभिन्न क्षेत्रका व्यक्ति, विभिन्न संघ संस्था, शैक्षिक संस्थानका बिधार्थीहरुले भाग लिएका थिए। यसैबीच मिरिक महकुमा पुलिस अधिकारी विनोदकुमार मीनाले आजका युवाबर्गलाई

लागुऔषधको प्रभावबाट जोगाउन र जनचेतना फैलाउन हरेक नागरिक सचेतन हुन् आवश्यक रहेको बताउनु भयो । उहाँले युवाबर्ग लाई सही बाटोमा ल्याउनु आजको आवश्यकता भएको बताउनु भयो । रैलीले मिरिक कृष्णनगर, हुदै मिरिक बजार सम्म परिक्रमा गरेको थियो ।

## हिल तराई प्राथमिक शिक्षक संगठन -जिटीए -आभार

हिल तराई प्राथमिक शिक्षक संगठन मिरिक क्षेत्र समितिलेप्राथमिक शिक्षकहरूको लागि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन शिक्षा विभागले सरकारी सेवाहरू पेन्सन,पीएफ आदिलाई इन्टेरनेट माध्यमबाट सुविधा प्रदान गर्ने लिएको निर्णय प्रति जीटीएकाप्रमुख कार्यापाल अनित थापा अनि जीटीए शिक्षा विभागका कार्यकारी सभासद राजेस चौहान प्रति आभार प्रकट गरेको छ। संगठनकाका अध्यक्ष निरज राई, बोर्ड सदस्य संजय स्यांगबोले जीटीएले प्राथमिक शिक्षकहरूलाई ई सुविधा प्रदान गर्ने नया आयम शुरू गरेकोले प्राथमिक शिक्षकहरूको लागि अति नै सुविधा हुने बताउनु भएको छ ।

## खर्सांग -संबिधान हत्या दिवस

देशमा आपतकाल घोषणा गरिएको 50 वर्ष पुगेको दिनलाई सम्झना गर्दै भाजपा खर्सांग ले आज संविधान हत्या दिवस पालन गरेको जानकारी प्राप्त भएको छ । भारतीय जनता पार्टी खरसाङले एक पत्रकार सम्मेलनको आयोजना गर्दै आजकै दिन अर्थात 25 जून 1975 मा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले देशमा आपतकाल घोषणा गरेको जसलाई भारतीय जनता पार्टीले संविधान हत्या दिवस एंव कालो दिवसको रुपमा पालन गर्दै आईरहेको बताए । पत्रकार सम्मेलनमा वरिष्ठ अधिवक्ता रमेश अग्रवाल, भाजपा खरसाङ विधानसभा समष्टिका संयोजक आरबी लामा,भारतीय जनता युवा मोर्चाका दार्जिलिङ जिल्ला सचिव बिनय प्रसाद, सोसियल मिडिया प्रभारी चन्दन प्रसाद आदि उपस्थित हुनुहुन्थ्यो ।

## क्रामाकपा -शहिद दिवस

क्रामाकपा सोनादा जोनल - २ द्वारा आज " ऐतिहासिक चियाबारी शहिद दिवस" मार्ग्रेट्सहोप चियाबारीको रसिक रंगमंचमा सम्पन्न भयो । या अवसरमा मार्ग्रेट्सहोपका ६ जना शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गरियो । क्रामाकपा केन्द्रीय उपाध्यक्ष बि. एम. राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सन् १९५५ सालमा शान्तिपूर्ण जुलुसलाई दबाउन तत्कालीन पुलिस प्रशासनको गोली लागेर छ जना शहिद बनेका थिए । कार्यक्रममा क्रामाकपा केन्द्रीय नेताहरु लगायत स्थानीय नागरिकहरुले पहिलो श्रमिक आन्दोलनमा शहिद बनेका शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गरे भने यस अवधि शहिदहरुका परिवारका सदस्यहरुलाई स्मृति चिन्ह प्रदान गरियो।

****** ० ******